आकाशवाणी हो

National News : 28th February 2026

मुख्य समाचार

- प्रधानमंत्री नरेंद्र मोदीद्वारा आज गुजरातको सानन्दमा माइक्रोन सेमीकन्डक्टर टेक्नोलोजी इन्डिया प्राइवेट लिमिटेडको सेमीकन्डक्टर असेम्बली, टेस्ट र प्याकेजिंग (ATMP) सुविधा उद्धाटन
- प्रधानमन्त्री नरेंद्र मोदी द्वारा राजस्थानको अजमेरमा १४ वर्ष सम्मका बालिकाहरूका लागि ह्युमन प्यापिलोमावायरस-एचपीवी टीकाकरण अभियानको शुभारम्भ
- आगामी २ देखि २४ मार्च सम्म देशभरका जनजातीय समुदायहरूको समृद्ध सांस्कृतिक उत्सव आयोजना गरिने जनजातीय कार्य मन्त्री जुएल ओरामको घोषणा अनि
- आईसीसी टी-२० विश्वकपको सुपर-८ को संगर्ष मा अहिले बेलुकी सात बजे देखि पाकिस्तान र श्रीलंका बीच खेल जारि

<u>प्रधानमंत्री: गुजरात *</u>

प्रधानमंत्री नरेंद्र मोदीले आज गुजरातको सानन्दमा माइक्रोन सेमीकन्डक्टर टेक्नोलोजी इन्डिया प्राइवेट लिमिटेडको सेमीकन्डक्टर असेम्बली, टेस्ट र प्याकेजिंग (ATMP) सुविधा उद्धाटन गर्नुभयो । यसको उद्धाटनले भारतको सेमीकन्डक्टर निर्माण यात्रामा एक महत्त्वपूर्ण माइल खुट्टी सिद्ध गरेको छ , यहाबाट पहिलो मेड-इन-इन्डिया सेमीकन्डक्टर मेमोरी मोड्युलको व्यावसायिक उत्पादन र वितरण सुरु हुने बताइएको छ।

<u>प्रधानमन्त्री नरेंद्र मोदी: राजस्थान *</u>

प्रधानमन्त्री नरेंद्र मोदीले राजस्थानको अजमेरमा १४ वर्ष सम्मका बालिकाहरूका लागि ह्युमन प्यापिलोमावायरस-एचपीवी टीकाकरण अभियानको शुभारम्भ गर्नुभएको छ । यस पहलको उद्देश्य महिलाहरूमा हुने सर्वाइकल क्यान्सरको रोकथाम गर्नु हो, यस अवसरमा प्रधानमन्त्रीले राजस्थान राज्यमा १६ हजार करोड रुपैयाँ भन्दा बढीको विभिन्न परियोजनाहरूको लोकार्पण र शिलान्यास

पनि गर्नुभयो, जसमा सडक, रेल, र हवाई सम्पर्क परियोजनाहरू समावेश छन्। साथै, उहाँले राजस्थान सरकारका विभिन्न विभागमा नव चयनित २१ हजार भन्दा बढी युवाहरूलाई नियुक्ति वितरण गर्नुभयो

यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो भारतीय जनता पार्टीको सरकारले महिलाहरूको सुक्ष्म समस्यालाई पनि प्राथमिकता दिएको छ। उहाँले एचपीवी टीकाकरण अभियान यसै दिशामा एक महत्वपूर्ण कदम बताउनुभयो प्रधानमन्त्रीले राजस्थानमा भाजपा सरकारका विकास परियोजनाहरूको प्रशंसा गर्नुभयो र यी परियोजनाहरूले जनताको सुविधा बढाउने र युवाहरूलाका लागि रोजगारका अवसर सृजना गर्ने छन् भनि आशा व्यक्त गर्नु भएको छ
Byte PM-

<u>जुएल ओराम *</u>

जनजातीय कार्य मन्त्री जुएल ओरामले घोषणा गर्नुभएको छ कि मन्त्रालयले २ देखि २४ मार्च सम्म देशभरका जनजातीय समुदायहरूको समृद्ध सांस्कृतिक विरासतको उत्सव मनाउनका लागि धेरै बृहत कार्यक्रमहरूको आयोजना गर्नेछ। यस अवसरमा जनजातीय कला महोत्सव, जनजातीय संगीत महोत्सव, भारत जनजातीय महोत्सव र जनजातीय व्यापार सम्मेलनको आयोजना गरिनेछ।

श्री ओरामले भन्नुभयो यस पहलको उद्देश्य जनजातीय परिवारलाई आफ्नो कौशल, रचनात्मकता र पारम्परिक ज्ञान प्रणाली प्रदर्शित गर्नका लागि एक जीवंत मंच प्रदान गर्नु हो। उहाँले बताउनुभयो , प्रतिभागीहरूलाई आफ्नो कलाकृतिहरू, संगीत, संस्कृति र चित्रहरूलाइ व्यापक रुपमा राष्ट्रीय दर्शकहरू समक्ष प्रस्तुत गर्ने अवसर प्राप्त हुनेछ ।

<u>रेखा गुप्ता: मॉर्निंग न्यूट्रिशन प्रोग्राम</u>

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज मॉर्निंग न्यूट्रिशन प्रोग्रामको शुभारंभ गर्नुभयो । यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो विद्यार्थीहरूलाइ धेरै समयदेखि दिउँसोको खाना दिइँदै आएको छ तर यस

कार्यक्रमका माध्यमबाट यो सुनिश्चित गरिनेछ कि विद्यालयमा नानीहरुलाई बिहान पौष्टिक खाना मिलोस्। श्रीमती गुप्ताले अझ भन्नुभयो प्रधानमंत्री नरेंद्र मोदीको पीएम पोषण, राष्ट्रीय खाद्य सुरक्षा कानून र पोषण अभियानले देशमा पोषणलाई जनआंदोलनको स्वरूप दिएको छ।

मुख्यमंत्रीले आज मानव व्यवहार एवं संबद्ध विज्ञान संस्थान (आई एच बी ए एस) मा आधुनिक ओपीडी भवन को पनि शिलान्यास गर्नुभयो । यस संस्थानले दिल्ली अनि वरपरका राज्य बाट आउने लगभग 2,500 रोगीहरुको प्रतिदिन सेवा प्रदान गर्दछ

आंध्र प्रदेश: विस्फोट

आंध्र प्रदेशको काकीनाडा जिल्लाको वेतलापलेम गाउँमा आज भएको पटाखा फैक्ट्री विस्फोटमा धेरै मजदुरहरूको मृत्यु भएको छ र धेरै अन्य घायल भएका छन्। विस्फोटको कारणहरू अझै पत्ता लागेको छैन। वरिष्ठ अधिकारीहरू बचाव कार्यको निगरानी गरिरहेका छन्। घायलहरूलाई काकीनाडाको सरकारी अस्पतालमा भर्ती गरिएको छ। मुख्यमन्त्री एन. चंद्रबाबू नायडूले वरिष्ठ अधिकारीहरूसँग स्थिति समीक्षा गर्दै पीडितहरूको परिवारहरूलाई हर संभव सहायता सुनिश्चित गर्न निर्देश दिनुभएको छ ।

पश्चिम बंगालमा अपूर्ण अन्तिम मतदाता सूची

पश्चिम बंगालमा अपूर्ण अन्तिम मतदाता सूचीको प्रकाशन सुरु भएको छ।
ऑनलाइन प्रकाशित हुनु अघि, सूची बूथ स्तरका अधिकारीहरू मार्फत मानिसहरूसँग साझा गरिएको छ , विभिन्न जिल्लामा नाम सूचिहरू लगाइएका छन्। यसै बीच निर्वाचन आयोगले आश्वासन दिएको छ कि सूची चाँडै वेबसाइटमा पनि उपलब्ध हुनेछ।

किरेन रिजिजू : अरविंद केजरीवाल

केंद्रीय मंत्री किरेन रिजिजूले दिल्ली आबकारी नीति मामलामा आरोप मुक्त भएपछि आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविंद केजरीवालले दिएका बयानहरूलाई खारिज गर्नुभएको छ ।

हिमाचल प्रदेशको कांगड़ा हवाई अड्डामा पत्रकारहरूसँग कुराकानी गर्दै श्री रिजिजूले भन्नुभयो यदि अदालतको आदेशमा कुनै त्रुटि छ भने उक्त विषयलाई उच्च न्यायालय समक्ष लान सकिन्छ

राष्ट्रीय विज्ञान दिवस

आज देशभरमा राष्ट्रीय विज्ञान दिवस पालना गरियो । यो दिवस हरेक वर्ष फेब्रुअरी 28 मा महान भौतिक वैज्ञानिक सर सी.वी. रमनले 'रमन प्रभाव' को खोज गरेको स्मृतिमा मनाइन्छ। यस खोजका लागि 1930 मा उनलाई नोबेल पुरस्कार प्रदान गरिएको थियो

नई दिल्लीको विज्ञान भवनमा राष्ट्रीय स्तरको समारोह आयोजन भयो , जसको मूल विषय थियो "विज्ञानमा महिलाहरू: विकसित भारतको उत्प्रेरक"। यो विषयको उदेश्य वैज्ञानिक प्रगतिमार्फत भारत एक विकसित राष्ट्र बन्ने दृष्टिकोणसँग जोडनु र महिला शोधकर्ताहरु र नवप्रवर्तकहरुको भूमिकालाई मान्यता दिनु रहेको थियो ।

अब अन्तराष्ट्रिय समाचार

इज्राएल र अमेरिकाले इरानमा आक्रमण गरेको छ, जसमा धेरै इरानी शहरहरूमा विस्फोट भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बयान अनुसार यो अभियान इरानको परमाणु कार्यक्रम र मिसाइल विकासलाई रोक्नको लागि गरिएको हो । इज्राएल्का प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले , यो हमला इरानको "अस्तित्वको खतरा"लाई समाप्त गर्नको लागि गरिएको हो भनेका छन् । इरानले भने कि यो हमला "युद्धको घोषणा" हो र प्रतिकार गर्न तयार रहेको छ, भन्दै पश्चिमी एशियामा रहेका अमेरिकी सेनाka अड्डा, अबू धाबी, बहरीन, कुवैत सहित खाड़ीका धेरै स्थान मा हमला गरेको छ

यसै बीच, पश्चिम एशियामा उत्पन्न युद्धको कारण एयर इन्डियाले उक्त क्षेत्रका सबै गन्तव्यहरूका लागि आफ्ना सबै उडानहरू निलम्बन गरेको छ भनि एक सोसिअल मिडिया पोस्टमा जनाएको छ

ईरानको वर्तमान स्थितिलाई ध्यानमा राख्दै, विदेश मन्त्रालयले त्यहाँ रहेका सबै भारतीय नागरिकहरूलाइ अत्याधिक सावधानी अपनाउन र अनावश्यक आवाजाही नगर्न र सम्भव भएसम्म घरभित्रै बस्न सल्लाह दिएको छ। तेहरान स्थित भारतीय दूतावासले एक परामर्श जारी गरी सबै

भारतीयहरूलाइ  समाचारमा नजर राख्न, स्थितिको जानकारी राख्न र दूतावासबाट कुनै पनि निर्देशको प्रतीक्षा गर्न आग्रह गरेको छ

<u>क्रिकेट</u>

श्रीलंकामा चलिरहेको आईसीसी टी-२० विश्वकपको सुपर-८ को संगर्ष मा  अहिले बेलुकी  सात बजे देखि पाकिस्तान र श्रीलंका बीच खेल भैरहेको छ ।

अहिले .................................... टस जितेर ............. गर्दैछ ,

भने .............................. ले .....................गरिरहेछ

सेमिफाइनलमा पुग्नका लागि पाकिस्तानले ठूलो अन्तरले यो खेल जित्नुपर्ने छ। । उता  श्रीलंकाको टोली भने पहिलैबाटै  सेमिफाइनलको दौडबाट बाहिर भइसकेको छ। भोली भारतीय टोली अन्तिम सुपर-८ संगर्ष मा वेस्टइन्डिजसँग खेल्नेछ।

मुख्य समाचार पुनः एक पटक

- प्रधानमन्त्री नरेंद्र मोदी द्वारा राजस्थानको अजमेरमा १४ वर्ष सम्मका बालिकाहरूका लागि ह्युमन प्यापिलोमावायरस-एचपीवी टीकाकरण अभियानको शुभारम्भ
- प्रधानमंत्री नरेंद्र मोदीद्वारा आज गुजरातको सानन्दमा माइक्रोन सेमीकन्डक्टर टेक्नोलोजी इन्डिया प्राइवेट लिमिटेडको सेमीकन्डक्टर असेम्बली, टेस्ट र प्याकेजिंग (ATMP) सुविधा उद्घाटन
- आगामी २ देखि २४ मार्च सम्म देशभरका जनजातीय समुदायहरूको समृद्ध सांस्कृतिक विरासतको उत्सव आयोजना गरिने  जनजातीय कार्य मन्त्री जुएल ओरामले घोषणा
- अनि
- आईसीसी टी-२० विश्वकपको सुपर-८ को संगर्ष मा  अहिले बेलुकी  सात बजे देखि पाकिस्तान र श्रीलंका बीच खेल जारि